# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
१ नं. प्रदेश, नेपाल
(प्रशासन शाखा)

---

प्रकाशित मितिः २०७७/८/१५

सूचना!   सूचना!!   सूचना!!!

कोशी गाउँपालिकामा निम्नानुसार श्रोतबाट हुने आन्तरिक आय संकलन आ.व. २०७७/७८ को लागि ठेक्का बन्दोवस्त गर्न आवश्यक भएकोले र यस गाउँपालिकाबाट दुई पटक सूचना प्रकाशित गर्दा पनि ठेक्का बन्दोवस्त हुन नसकेकोले तपसिल बमोजिमको शर्तको अधिनमा रही तोकिएको मिति,समय र स्थानमा खुल्ला डाक बढाबढ प्रकृयाबाट ठेक्का बन्दोवस्त गर्ने निर्णय भएकोले इच्छुक, फर्म संस्थाहरुबाट यो सूचना प्रकाशित मितिबाट ७ दिन भित्र नामदर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्काको विवरण:

| क.स. | विवरण | न्यूनतम अंक(रु) | फारम दस्तुर(रु) | जमानत(५%)हुन जाने (रु) |
|---|---|---|---|---|
| १ | मंगलबारे, शुक्रबार हटिया, लौकही | २००,०००। | ५००। | १००००। |
| २ | लौकही गुद्री बजार | १००,०००। | ५००। | ५०००। |
| ३ | लौकही स्थित माछा पोखरी | २०,०००। | ५००। | १०००। |
| ४ | नहर चौक स्थितको हटिया | २०,०००। | ५००। | १०००। |

शर्तहरु:

१. सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयको धरौटी खाता नं. २२२००१०११८९५७(मेगा बैंक नेपाल लि.) मा न्यूनतम मूल्यको ५ प्रतिशतले हुन आउने रकम अग्रीम जम्मा गर्नु पर्नेछ । र डाक अंक बढन गएमा सोही अनुपातमा धरौटी रकम(नगद) थप गर्दै जानुपर्नेछ । डाक बढाबढमा सहभागीहुन चाहनेले मिति २०७७/८/२१ गते कार्यालय समयभित्र फर्म खरिद गरि सक्नुपर्नेछ ।

२. डाक बढाबढ हुने दिनको १ बजे अगावै बढाबढमा सहभागी हुनेले धरौटी जम्मा गरेको सक्कलै भौचर, नेपाली नागरिकता, कार्यालयबाट खरिद गरेको आवेदन फारम भरि दर्ता गराउनु पर्नेछ ।

३. डाक बढाबढ सूचना प्रकाशित भएको आठौं दिन मिति २०७७/८/२२ गते दिनको २ बजे कोशी गाउँपालिकाको कार्यालयमा डाक बढाबढ शुरु हुनेछ ।

४. डाक बढाबढ स्वीकृत भएपछि कबोल गरेको सम्पूर्ण रकम स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र बोलकबोल दाताले सम्झौता गर्न नआएमा निजले राखेको ५ प्रतिशत अग्रीम धरौटी रकम जफत गरि नियमानुसार प्रकृया अगाडी बढाइनेछ ।

५. डाक अंक बढ्दाको बखत न्यूनतम अंकको १ पटकमा १० प्रतिशतले भन्दा बढि डाक अंक बढाउन पाइने छैन ।

५. यस सूचनामा छुटेका कुराहरु कानून बमोजिम हुनेछ । डाक बढाबढ सम्बन्धी जानकारी लिन चाहेमा कार्यालय समयभित्र कार्यालयमा वा मोबाइल नं. ९८५२०५८१०४ मा सम्पर्क गर्न सकिनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत